गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको
तेस्रो वार्षिक साधारण सभाको
अभिलेख (माईन्यूट)

**१. वैधानिक सभा :**

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८२ पुस १४ गते बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको कम्पनीको दोस्रो वार्षिक साधारण सभा यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री उदिप श्रेष्ठज्यूको सभापतित्वमा होटेल एअरपोर्ट विराटनगर, मोरङ्गमा देहाय बमोजिम सु–सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय :**

मितिः २०८२ साल पुस १४ गते सोमवार (२९, डिसेम्वर २०२५) ।
समय दिनको ११ : ०० बजे प्रारम्भ भई १२ : ४५ बजे सम्पन्न भयो ।
स्थानः होटल एअरर्पोट विराटनगर, मोरङ्ग ।

**३. सभाको सूचना :**

यस तेस्रो वार्षिक साधारण सभाको सूचना २०८२ साल मंसिर २२ र २९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशित गरिएको तथा साधारण सभाको सूचना र कम्पनीको वार्षिक प्रतिवेदन समेत सम्पूर्ण शेयरधनीहरुले हेर्न मिल्ने गरी कम्पनीको वेबसाइटमा राख्नुको साथै शेयरधनी महानुभावहरुको ठेगानामा प्रेषित गरिएको कुरा सभामा जानकारी गराईयो ।

**४. प्रथम वार्षिक साधारण सभामा पेश गरिने प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आ.व.२०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको नियुक्ति (निर्वाचन) गर्ने सम्बन्धमा ।

५. सञ्चालक समितिबाट स्वीकृत भए बमोजिम शेयरधनी महानुभावहरुलाई लाभांश वितरण नगरिने प्रस्तावका सम्बन्धमा ।

६. कम्पनीले सामाजिक उत्तर दायित्व अन्तर्गत गरेको खर्च अनुमोदन गर्ने ।

Guardian Micro Life Insurance Ltd.
Biratnagar

(ख) विशेष प्रस्तावहरु

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुंजी रु ७५,००,००,०००/- (अक्षेरुपी पचहत्तर करोड मात्र) को १०० प्रतिशत (१:१) हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने।

२. नियमनकारी नियकायबाट कम्पनीको अधिकृत पुंजी, जारी पुँजी र चुक्ता पुंजी बृद्धि गर्ने निर्देशन आएमा/कम्पनीले पुँजी वृद्धि गर्न आवश्यक देखिएमा सोही बमोजिम कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुंजी वृद्धि गर्ने सम्वन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नै सम्वन्धमा।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संसोधन सम्वन्धमा।

(ग) विविध।

५. उपस्थिति :

(क) सञ्चालक समितिका पदाधिकारीहरु :

| क्र.सं. | विवरण | उपस्थिति | कैफियत |
|---|---|---|---|
| (१) | अध्यक्ष, श्री उदिप श्रेष्ठ | उपस्थित | स्वयम |
| (२) | सञ्चालक, श्री उदय नारायण भट्टराई | उपस्थित | स्वयम |
| (३) | विज्ञ सञ्चालक, श्री प्रमोद प्रसाद भट्टराई | उपस्थित | स्वयम |
| (४) | सञ्चालक, डा. जय प्रकाश जयसवाल | उपस्थित | भर्चुअल माध्यम जुम (Zoom) |
| (५) | सञ्चालक, श्री त्रिशिला भुनभुनवाला | उपस्थित | भर्चुअल माध्यम जुम (Zoom) |
| (६) | सञ्चालक, श्री ज्योती अग्रवाल | उपस्थित | भर्चुअल माध्यम जुम (Zoom) |

(ख) शेयरधनीहरु :

| विवरण | शेयर संख्या/उपस्थिति |
|---|---|
| कुल शेयर संख्या | ७५,००,००० कित्ता |
| शेयरधनीहरुको स्वयम उपस्थिति | १२३,२१३ कित्ता |
| प्रतिनिधि/प्रोक्सी मार्फत उपस्थिति | ४७,३१,९३८ कित्ता |
| जम्मा उपस्थिति | ४८,५५,१५१ कित्ता |
| उपस्थिति प्रतिशतमा | ६४.७४ % |

(१) स्वयम उपस्थित: १४ जना

(२) प्रतिनिधि/प्रोक्सी मार्फत : ४ जना प्रतिनिधि/प्रोक्सी मार्फत (३६ जना शेयरधनी महानुभावहरुको)

Guardian Micro Life Insurance Ltd. Biratnagar

(ग) पदाधिकारीहरु :

(१) श्री चिरायु भण्डारी – प्रमुख कार्यकारी अधिकृत

(२) श्री ज्योति प्रकाश पाण्डे – कम्पनी सचिव/नायव प्रमुख कार्यकारी अधिकृत

(३) श्री कैलाश देवकोटा – सहायक महाप्रबन्धक

(४) श्रीमती सुनिता कोइराला – सहायक महाप्रबन्धक

(५) श्री समीर खरेल – वरिष्ठ प्रबन्धक

(६) श्री दिलिप शर्मा – वरिष्ठ प्रबन्धक

(७) श्री सुमन कोइराला – अधिकृत

**६. गणपूरक संख्या :**

यस कम्पनीको तेस्रो वार्षिक साधारण सभामा स्वयम तथा प्रतिनिधि/प्रोक्सी मार्फत उपस्थित हुनु भएका शेयरधनीहरुले धारण गर्नु भएको शेयर संख्याको आधारमा जम्मा उपस्थित ६४.७४ प्रतिशत रहेकोले कम्पनी ऐन, २०६३ को दफा ७३(३) तथा कम्पनीको नियमावलीको नियम (२३) बमोजिम आवश्यक गणपूरक संख्या पुगेको हुँदा साधारण सभा सञ्चालनका लागि कानुनतः सवै प्रक्रिया पुरा भएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनुभयो। साथै भर्चुअल माध्यम जुम (Zoom) बाट पनि शेयरधनी महानुभावहरु यस साधारण सभामा भाग लिएको व्यहोरा कम्पनी सचिवले जानकारी दिनु भयो।

**७. सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), कम्पनीको नियमावलीको नियम १८ अनुसार बोलाईएको यस तेस्रो वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, कम्पनीको नियमावलीको नियम २३ बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनी स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित भएमा साधारण सभाको काम कारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी र कुल शेयरधनीहरु मध्ये तीन जनाको उपस्थिती रहेको र आवश्यक गणपूरक संख्या पुगेकाले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभाको पूर्ण वैधानिकता पुगेको साथै भर्चुअल माध्यम जुम (Zoom) बाट पनि शेयरधनी महानुभावहरु यस साधारण सभामा भाग लिएको व्यहोरा कम्पनी सचिवले जानकारी दिनु भयो।

**८. सभाको सभापतित्व र सभा सञ्चालन :**

सभाको वैधानिकताको एकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम (१९) अनुसार तेस्रो वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री उदिप श्रेष्ठज्यूले गर्नुभयो।

**९. सभाको उद्घाटन :**

सभाको वैधानिकताको एकिन भएपछि तेस्रो वार्षिक साधारण सभाको उद्घाटन कम्पनीका अध्यक्ष श्री उदिप श्रेष्ठज्यूले पानसमा बत्ति बालेर गर्नु भयो।

Guardian Micro Life Insurance Ltd. Biratnagar

**१०. स्वागत मन्तव्य :**

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री चिरायु भण्डारीज्यूबाट सभामा भाग लिन उपस्थित हुनु भएका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकज्युहरु लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो प्रतिवद्धता सहितको मन्तव्य सभा समक्ष राख्नु भयो।

**११. वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाका अध्यक्ष श्री उदिप श्रेष्ठज्यूले सञ्चालक समितिको तर्फवाट आर्थिक वर्ष २०८१/२०८२ को लागि सञ्चालक समितिको प्रतिवेदन तथा आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न साधारण सभा समक्ष प्रस्तुत गर्दै उक्त दुवै प्रतिवेदन उपर आ–आफ्नो राय, सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

१२. अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/२०८१ को लागि सञ्चालक समितिको प्रतिवेदन तथा आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर शेयरधनीहरुबाट कुनै राय सुझाव एवं प्रश्नहरु प्राप्त नभएको हुँदा अध्यक्षज्यूबाट प्रस्तावहरु निर्णयार्थ पेश गर्नु भयो।

**१३. सभामा प्रस्तुत प्रस्ताव तथा निर्णयहरु :**

(क) सामान्य प्रस्तावहरु :

प्रस्ताव १ : आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

निर्णय नं. १ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

प्रस्ताव २ : लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

निर्णय नं.२ : लेखापरीक्षकको प्रतिवेदन सहित लेखापरीक्षण गरिएको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु सहितका अनुसूचीहरु उपर छलफल गरी सर्वसम्मतीबाट पारित गरियो।

प्रस्ताव नं. ३ : कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि बाह्रय लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

निर्णय नं. ३ : कम्पनी ऐन, २०६३ को दफा १११ (घ) बमोजिम यस कम्पनीको चालु आ.व. २०८२/०८३ को बाह्रय लेखापरीक्षण, आयकर लेखापरीक्षण तथा विस्तृत लेखापरीक्षण प्रतिवेदन बीमकको वित्तिय विवरण परीक्षण तथा

Guardian Micro Life Insurance Ltd.
Biratnagar

कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण गर्नका लागि लेखा समितिको सिफारिस नेहा एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स लाई बाह्य लेखापरीक्षण वापत रु. २,००,०००/ (दुई लाख), आयकर लेखापरीक्षण वापत रु. २५,०००/ (पच्चिस हजार) र विस्तृत लेखापरीक्षण (LFAR) वापत रु. २५,०००/- र वितीय विवरणका अनुसूची तथा कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण गरे वापत रु. १५,०००/ (पन्द्र हजार) रुपैया मु.अ. कर वाहेक पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ती गरी सर्वसम्मतीबाट पारित गरियो ।

प्रस्ताव नं. ४ : सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको नियुक्ति (निर्वाचन) गर्ने सम्बन्धमा ।
निर्णय नं. ४ : कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को देहाय (ख) र उपनियम (४) मा व्यवस्था भए बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालक सुश्री षष्टिका श्रेष्ठको कार्यकाल पुरा नहुँदै निजले बीचमा राजिनामा दिनु भएकोले उक्त रिक्त सञ्चालक पदको निर्वाचन गर्ने प्रयोजनका लागि अधिवक्ता श्री प्रभाकर भट्टराईलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन सम्वन्धी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी तोकिएकोमा निर्वाचन अधिकृत श्री प्रभाकर भट्टराईले १ जना सञ्चालकको निर्वाचन गर्नको लागि प्रचलित कानून र कम्पनीको निर्वाचन निर्देशिका अनुसार निर्वाचन कार्यक्रम प्रकाशित गरिएकोमा तोकिएको समय भित्र सर्वसाधारण शेयरधनी श्री नवराज मुडभरी १ जनाको मात्र उम्मेदवारी दर्ता भएको र निजको उम्मेदवारी उपर कुनै दावी विरोध समेत नपरेको हुँदा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा जानकारी गराउनु भयो । साथै निर्वाचन अधिकृतले सञ्चालकको पदमा र्निविरोध निर्वाचित हुनु भएको भनी जानकारी गराउनु भएका श्री नवराज मुडभरीको नाम अनुमोदन गरियोस भनी पेश भएको प्रस्ताव सर्वसम्मतीवाट पारित गरियो ।

प्रस्ताव नं. ५. सञ्चालक समितिबाट स्वीकृत भए बमोजिम शेयरधनी महानुभावहरुलाई लाभांश वितरण नगरिने प्रस्तावका सम्बन्धमा ।
निर्णय नं. ५ : सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व. २०८१/०८२ को लागि लाभांश वितरण नगरिने प्रस्तावलाई सर्वसम्मतीबाट पारित गरियो ।

प्रस्ताव नं.६ : कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च अनुमोदन गर्ने ।
कम्पनीले आ.व.२०८१/०८२ मा सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीको नीति अनुसार ग्रामिण क्षेत्रमा रहेका विपन्न वर्गका महिलाहरुको मातृ शिशु स्याहार तथा सुत्केरी खर्च वापत रु. २,४८,५०२.१४ (दुई लाख अठ्चालिस हजार पाँच सय दुई रुपैया चौध पैसा मात्र) प्रदान गरिएको खर्च रकम लाई अनुमोदन गरियो ।

(ख) विशेष प्रस्तावहरु :
विशेष प्रस्ताव नं १: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुँजी रु ७५,००,००,०००/- (अक्षेरुपी पचहत्तर करोड मात्र) को १०० प्रतिशत (१:१) हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

Guardian Micro Life Insurance Ltd.
Biratnagar

निर्णय नं. १ : गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले हालको चुक्ता पुँजी रु. ७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड मात्र) को १०० प्रतिशत (१:१) हकप्रद शेयर जारी गर्ने सम्बन्धमा छलफल भई सम्बन्धित नियामक निकायको स्वीकृति पश्चात आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।
विशेष प्रस्ताव नं. २ : नियमनकारी नियकायबाट कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी बृद्धि गर्ने निर्देशन आएमा/कम्पनीले पुँजी वृद्धि गर्न आवश्यक देखिएमा सोही बमोजिम कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्वन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नै सम्वन्धमा।

निर्णय नं. २ : नियमनकारी नियकायबाट कम्पनीको अधिकृत पुंजी, जारी पूँजी र चुक्ता पुँजी वृद्धि गर्ने निर्देशन आएमा कम्पनीले पूँजी वृद्धि गर्न आवश्यक देखिएमा सोही बमोजिम कम्पनीको अधिकृत पुंजी, जारी पूँजी र चुक्ता पुंजी वृद्धि गर्ने सम्वन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

विशेष प्रस्ताव नं. ३ : कम्पनीको प्रबन्धपत्र तथा नियमावली संसोधन सम्वन्धमा।

निर्णय नं. ३ : नियमनकारी नियकायबाट कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने निर्देशन आएमा कम्पनीले पूँजी वृद्धि गर्न आवश्यक देखिएमा सोही बमोजिम कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्दा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्नु पर्ने भएमा उक्त संसोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**१४. सभा विसर्जन :**
अन्तमा सभाका सभापति श्री उदिप श्रेष्ठज्यूले छलफल तथा निर्णय गर्नुपर्ने विषय बाँकी नभएकोले उपस्थित सम्पुर्ण शेयरधनी, लेखापरीक्षक, कम्पनीका कर्मचारीहरु एंव हल उपलब्ध गराउने होटल एअरपोर्ट प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै तेस्रो वार्षिक साधारण सभाको वैधानिक कार्यक्रम दिउसो १२ :४५ बजे समापन भएको घोषणा गर्नु भयो।

.............................
श्री ज्योति प्रकाश पाण्डे
(कम्पनी सचिव)

Guardian Micro Life Insurance Ltd. Biratnagar

.............................
श्री उदिप श्रेष्ठ
(सभाका अध्यक्ष)